# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

पत्र संख्या:-
Ref. No.
चलानी नं:-

मिति: २०८२।०७।१६
Date:

### विद्यावारिधि (Ph.D.) (२०७९/०८०) मा विद्यार्थी भर्नाका लागि दरखास्त आह्वान सम्बन्धी जरूरी सूचना !!

यस कानून संकायद्वारा संचालित विद्यावारिधि **(Ph.D.)** कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०७९।०८० मा भर्ना भई अध्ययन गर्न इच्छुक योग्य **उम्मेदवारहरूका लागि सिट संख्या जम्मा १० (८ सिट स्वदेशी शोधार्थीहरूको लागि र २ सिट विदेशी शोधार्थीहरूका लागि)** आवेदन फाराम खुल्ला गरिएको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**दरखास्त फाराम:**

दरखास्त फाराम **कानून संकाय, डीनको कार्यालय, बल्खु, काठमाण्डौबाट** निर्धारित शुल्क जम्मा गरेको सक्कल भौचर बुझाई प्राप्त गर्न सकिनेछ ।

**आवेदन दिने उम्मेदवारको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :**

(क) कानून विषयमा स्नातकोत्तर तह कम्तिमा दोस्रो श्रेणीमा उत्तीर्ण भएको ।

(ख) दोश्रो श्रेणी उत्तिर्ण हुनेका हकमा दुईवर्ष, प्रथम श्रेणीका लागि एकवर्ष को अनुभव चाहिनेछ भने विशिष्ट श्रेणीका लागि कुनै अनुभवको आवश्यकता पर्ने छैन ।

(ग) Peer Reviewed जर्नलमा कम्तिमा दुई वटा अनुसन्धानात्मक लेख प्रकाशन गरेको हुनुपर्नेछ ।

**दरखास्त साथ देहायका कागजातहरू (Documents) अनिवार्य बुझाउनु पर्नेछ :**

- शोधार्थी (Research Scholar) ले पूर्णकालिन रुपमा शोध (अध्ययन) कार्य गर्नुपर्ने भएको हुँदा सोको लागि आफू कार्यरत निकायका प्रमुखवाट विदाको पूर्व स्वीकृति पत्र ।
- कानून स्नातकोत्तर तह पुरा गरेको लब्धाङ्क पत्र, नागरिकता र चारित्रिक प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित छायाँ प्रतिहरू ।
- विदेशी विश्वविद्यालयवाट प्राप्त उपाधिहरूको हकमा त्रि.वि.बाट समकक्षता निर्धारण गरिएको प्रमाणपत्रको छायाँ प्रति ।

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय



CamScanner

- Peer Reviewed जर्नलमा प्रकाशित कम्तिमा दुई वटा अनुसन्धानात्मक लेखहरू। दुई भन्दा वढी लेखहरू पेश गरेतापनि दुई लेखहरूको मात्र मूल्यांकन गरिनेछ।
- अनुभवको प्रमाणपत्रको छायाँ प्रति र व्यक्तिगत विवरण ३/३ प्रति।
- भर्नाका लागि आवेदन गर्नेहरूले **फाराम शुल्क वापत रू.३,०००।-**, प्रवेश परीक्षा शुल्क वापत रू.५,०००।- र लेखहरूको मूल्यांकन शुल्क वापत रू.५,०००।-गरी **जम्मा रू.१३,०००।-** शुल्क बुझाउनु पर्नेछ।
- उल्लिखित रकम कानून संकाय, डीनको कार्यालयको नाउमा नेपाल बैंक लिमिटेडमा रहेको **चल्ती हिसाब नं. २१७००१००१९२४३४००००१** मा जम्मा गरी सोको सक्कल भौचर बुझाउनु पर्नेछ।
- रीत नपुगेको, तोकिएको प्रमाण खुल्ने कागजात पेश नभएको तथा म्याद नाघी आउने आवेदन उपर कुनै कारवाही गरिने छैन।
- **प्रवेश परीक्षा-लिखित परीक्षा ८०, अनुसन्धान लेखहरूको मूल्यांकन १० र अन्तर्वार्ता १० गरी जम्मा १०० पूर्णाङ्कको हुनेछ।**
- प्रवेश परीक्षाको पाठ्यांश लगायत अन्य विषयको जानकारीको लागि कानून संकाय, डीनको कार्यालय, बल्खु, काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

**<u>दरखास्त फाराम वितरण, दर्ता मिति र समय:</u>**

- **दरखास्त फाराम मिति २०८२ कार्तीक २० गते विहिबार देखि २०८२ मंसिर १९ गते शुक्रवार सम्म प्राप्त गर्न र बुझाउन सकिनेछ।**
- **दरखास्त फाराम कानून संकाय डीनको कार्यालय, प्रशासन शाखामा दिनको ११:०० देखि ३:०० बजेसम्म वितरण र दर्ता गरिनेछ।**

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

# त्रिभुवन विश्वविद्यालय
## Tribhuvan University
## कानून संकाय
## FACULTY OF LAW

डीनको कार्यालय
DEAN'S OFFICE

मितिः २०८२।०७।१६

Date:

पत्र संख्याः-

Ref. No.

चलानी नं:-

त्रिभुवन विश्वविद्यालय कानून संकाय डीनको कार्यालय

**<u>प्रवेश परीक्षाको मिति, समय र स्थानः</u>**

**प्रवेश परीक्षा मिति २०८२ पौष १२ गते शनिबार दिनको ११:०० बजेदेखि २:०० बजेसम्म कानून संकाय, डीनको कार्यालय, बल्खु काठमाण्डौंमा हुनेछ।**

**नोटः** *अन्य विस्तृत जानकारीका लागि कानून संकाय, डीनको कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।*

**<u>बोधार्थ तथा कार्यार्थ</u>**

१. श्री आर्थिक प्रशासन शाखा, कानून संकाय, डीनको कार्यालय,वल्खु, काठमाण्डौ ।

१. श्री प्रशासन शाखा, कानून संकाय, डीनको कार्यालय,बल्खु, काठमाण्डौ ।

(उप-प्रा.डा.नेवल चौधरी)

सहायक डीन

कानून संकाय,त्रि.वि.

सहायक डीन
कानून संकाय
त्रिभुवन विश्वविद्यालय

CamScanner